**संयुक्त राष्ट्रसङ्घ**
**मानवअधिकार उच्चायुक्तको कार्यालय, नेपाल**

**प्रेस विज्ञप्ति –२०६५ कात्तिक ५**

---

## उच्चायुक्तको कार्यालय-नेपालद्वारा मध्यमाञ्चल क्षेत्रका पत्रकारहरुलाई मानवअधिकार र संविधानसभाबारे तालिम

जनकपुर- संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालय, नेपालले नेपाल पत्रकार महासङ्घ र युनेस्कोसँग मिलेर पत्रकारहरूका लागि मानवअधिकार र संविधानसभा विषयक क्षमता अभिवृद्धि कार्यक्रम धनुषा जिल्लाको लालगढमा मङ्गलवार सम्पन्न गर्‍यो।

तराईमा विशेष संकेन्द्रण गरिएको यो कार्यक्रम फागुन महिनामा सम्पन्न क्षमता अभिवृद्धि तालिमको दोस्रो अनुवर्ती कार्यक्रम थियो र यसमा मध्यमाञ्चल क्षेत्रका सातवटा जिल्लाका छापा र प्रसारण पत्रकारहरूले भाग लिएका थिए। छजना महिलासमेत १९ जना पत्रकारहरूले भाग लिएको सो तीनदिने कार्यक्रममा उच्चायुक्तको कार्यालय-नेपालले संविधानसभामा मानवअधिकारका मुद्दाहरू तथा संविधानसभाको प्रकृयामा पूर्ण जनसहभागिता सुनिश्चित गर्न संचारजगतको अत्यावश्यक भूमिकाबारे रूपरेखा प्रस्तुत गर्‍यो। संविधानसभा सूचना केन्द्रका एकजना अधिकारीले सो केन्द्रको कार्यबारे सहभागीहरुलाई सङ्क्षिप्त जानकारी गराउनुभयो र पत्रकारहरूसम्मको सूचना प्रवाहलाई सुधार गर्नेबारे सुझावहरू लिनुभयो भने पत्रकार महासङ्घका एक केन्द्रीय सदस्यले संविधानसभा प्रक्रियासम्बन्धी समाचार सङ्कलनका लागि पत्रकार महासङ्घको रणनीतिक योजनाबारे छलफल गर्नुभयो।

यस साताको कार्यक्रम उच्चायुक्तको कार्यालय–नेपाल र यसका साझेदारहरूद्वारा सन् २००८ मा मध्माञ्चल र पूर्वाञ्चल क्षेत्रका पत्रकारहरूका लागि गरिएको चौथो कार्यक्रम हो।

> “उच्चायुक्तको कार्यालय–नेपाल र हाम्रा साझेदारहरू संविधानसभाद्वारा छलफल हुने मानवअधिकारका महत्त्वपूर्ण मुद्दाहरूबारे पत्रकारहरूमा भएको ज्ञानमा थप योगदान पुर्‍याउन पाएको र समाचार सङ्कलनमा सुधार गर्न तथा संविधान लेखन प्रक्रियामा जनहसभागिता वृद्धि गर्न तिनले प्रयोग गर्न सक्ने औजारहरूबारे सुझाव दिन पाउँदा मलाई खुशी लागेको छ," उच्चायुक्तको कार्यालय–नेपालका मध्यमाञ्चल क्षेत्रीय कार्यालयका प्रमुख योहान ओल्हागनले भन्नुभयो। "उनीहरूले खासगरी काठमाडौं बाहिर रहेर सामना गर्नुपरेका कठिनाइहरू संविधानसभा सचिवालय सूचना केन्द्रसमक्ष व्यक्त गर्न पाउनु पनि महत्त्वपूर्ण थियो।"

**For further information contact Marty Logan at OHCHR-Nepal:**
**Tel.: 428 0164 (Ext.321); Mobile 98510.16922 or mlogan@ohchr.org**
**Website: http://nepal.ohchr.org**